दशरथमान सिंह । २०७३ । *त्यो समय त्यो परिवेश : मेरो जीवनयात्राको संस्मरण* । काठमाडौँ : न्हूजः गुठी ।

पछिल्लो समयमा आत्मकथा/संस्मरणका किताबहरूको प्रकाशन धेरै देखिए पनि मदन पुरस्कार पुस्तकालयमा करिब ३४० ओटा आत्मकथा, २५१ संस्मरण तथा ७०० ओटा जीवनीका पुस्तकहरू मात्र संकलनमा रहेको देखिन्छ । यसको संख्या पक्कै पनि यो भन्दा धेरै छ । तर, माथिका पुस्तकहरू सर्सर्ती हेर्दा धेरै आफूले देखे-भोगेका, जानेका-सुनेका र आफ्नो वैयक्तिक उतार-चढावसँग जोडिएका विषयवस्तुको वरिपरि घुमेका छन् । केही अपवाद

छाडिदिने हो भने प्रायः पुस्तकले आफूले देखेका सामाजिक परिवर्तनका घटनाक्रमलाई कम र व्यक्तिगत घटनालाई बढी प्राथमिकतामा राखेका छन् । तथापि भीमबहादुर पाँडेको *त्यस बखतको नेपाल* वा बीपी कोइरालाको *आत्मवृत्तान्त* जस्ता केही पुस्तकले भने यो भीडमा नितान्त फरक पहिचान बनाएको मान्नुपर्छ ।

जीवनी वा संस्मरण लेख्ने लेखकलाई आफ्नै कथा, अनुभव र आफू जोडिएका घटनाक्रम महत्त्वपूर्ण लाग्नु स्वाभाविक नै हो । केहीले आफ्ना व्यक्तिगत घटनाक्रमलाई प्राथमिकतामा राख्छन् भने केहीले आफूसँगै आफूले देखेको समाज, त्यहाँ भइरहेका परिवर्तन, उथलपुथल र विकासक्रमलाई पनि समेट्छन्, यस्ता पुस्तकले व्यक्तिको र समाज दुवैको कथा बोक्छन् । कविराज दशरथमान सिंहको पुस्तक *त्यो समय त्यो परिवेश : मेरो जीवनयात्राको संस्मरण* (२०७३) ले पनि यी दुवै खालको चर्चा गरेको छ । यहाँ लेखकको व्यक्तिगत र पारिवारिक घटनाक्रमसँगै सामाजिक, शैक्षिक तथा स्वास्थ्य र भौतिक संरचनामा देखिएका परिवर्तनहरू समेटिएका छन् । यसले मूलतः पाल्पा जिल्ला सदरमुकाम तानसेन र त्यस सेरोफेरोको सामाजिक, आर्थिक, शैक्षिक अवस्था र दैनिक जीवनचर्याको संक्षेपमै भए पनि चर्चा गर्छ । यसैसँग शिक्षा, स्वास्थ्य, बाटोघाटो, खानेपानी, व्यापार-व्यवसाय, कला-संस्कृति, परम्परा आदिको अवस्था, समयक्रमअनुसार त्यसको विकास र विस्तारको विषय पनि जोडिन्छ । त्यसैले नै यो पुस्तक आत्म-कथाभन्दा पनि सामाजिक कथाका दृष्टिकोणले महत्त्वपूर्ण छ र त्यसैका निम्ति पढिनु उपयुक्त छ ।

एघार भागमा विभक्त पुस्तकका शुरूका दुई खण्डले पारिवारिक पृष्ठभूमिसहित कसरी र किन लेखकका पुर्खाहरू भक्तपुर छाडेर पाल्पा र बाग्लुङतिर लागे भन्ने कुराको संक्षिप्त जानकारी दिन्छ । आनन्दसिंह उझाँथाछेंका दुई छोराहरू बुद्धिनरसिंह र शिवनरसिंह खौमाटोल, भक्तपुर छाडेर वि.सं. १८६० मा पोखरा आपुग्छन् र त्यसको करिब ३० वर्षपछि एक भाइ पाल्पा तथा एक भाइ बाग्लुङतिर लाग्छन् । वि.सं. १८९० मा तानसेन पुगेका बुद्धिनरसिंहका चौथो पुस्ता पुस्तकका लेखक वैद्य दशरथमान हुन् । वैद्यका रूपमै चिनिए पनि स्वयं दशरथमानले भने वैद्य परम्परालाई निरन्तरता दिएनन् । दशौँ र एघारौँ खण्डमा लेखकले विभिन्न कालखण्ड र घटनाक्रम तथा आफ्नो समग्र जीवनको मूल्यांकन गर्दै र व्यक्तिगत धारणा राखेका छन् । बाँकी खण्डमा भने १९७६ सालमा जन्मिएका लेखकले आफ्नो करिब १०० वर्ष लामो जीवनकालमा तानसेन र सेरोफेरोमा आफूले देखेका, सुनेका र भोगेका विभिन्न गतिविधि, घटना र परिवर्तनका घटनाक्रमलाई समेटेका छन्, जुन पुस्तकको सबैभन्दा महत्त्वपूर्ण भाग हो ।

बनारस हिन्दू विश्वविद्यालयबाट वि.सं. २००३ (सन् १९४६) मा आयुर्वेदमा स्नातक तथा झाँसीस्थित आयुर्वेद इन्जेक्सन विज्ञान समितिबाट आयुर्वेद सूचीवेद विशारदको उपाधि लिएर दशरथ तानसेन फर्केका थिए । पछि आफ्ना बुबाको नामबाट २००३ साल

मै "इन्द्र औषधालय" खोले (पृ. ४२) । उनी तानसेन र सेरोफेरोमा "दशरथ वैद्य" का रूपमा चिनिए पनि उनले "एलोप्याथी" को अभ्यास गरे र त्यसैलाई सो क्षेत्रमा लोकप्रिय र प्रचलित बनाए। ५ प्रतिशत साक्षरता, ८४ लाख जनसंख्या भएको समयमा उनले पाएको शिक्षा आफैमा लोभ लाग्दो भएको र त्यसमाथि चिकित्सा क्षेत्रको अध्ययन विशेष रहेको कुरा उनले स्वीकारेका छन् । पुस्तकले विस्तृत रूपमा नसमेटे पनि तानसेन र सेरोफेरोमा तत्कालीन समयमा प्रचलनमा रहेको औषधी-उपचार, औषधीहरूको आयात र व्यवस्थापन, युनाइटेड मिसन अस्पतालको विकास र विस्तारका विषयमा बुझ्नका लागि यो पुस्तक एउटा उपयुक्त स्रोत हुनसक्छ । त्यसो त उनी जन्मेको र हुर्केको टोलमा धेरै पछिसम्म अभ्यासमा रहेको आयुर्वेद चिकित्साका विषयमा उनले कुनै उल्लेख गरेका छैनन् । कालान्तरमा यस्ता आयुर्वेद चिकित्सा पद्धति तानसेनबाट लगभग लोप भयो र समग्र चिकित्सा क्षेत्र र उपचार पद्धति "वैद्य" ले लिएको बाटोमै अगाडि बढिरहेको छ ।

राणा कालमा भएका विकास-निर्माण, व्यापार, व्यवसाय, राणा परिवार र सर्वसाधारणहरूको सम्बन्ध, राणा विरोधी गतिविधिका विषयमा पनि यसले केही जानकारी दिन्छ । धेरै र विस्तृत रूपमा उल्लेख नगरे पनि तानसेन बजारको आधुनिकीकरण, राणा दरबार (प्रताप शमशेरले बनाउन लगाएको प्रशासनिक कार्यालय रहेको र माओवादी युद्धमा ध्वस्त भइ हाल पुनर्निर्माण भएको दरबार, हाल पद्म पब्लिक (पप) उच्च मावि रहेको ठुटेपिपलको दरबार) र गुरुज्यूहरूको भवन (हालको त्रिभुवन बहुमुखी क्याम्पस रहेको भवन) बारेमा लेखिएको छ । निर्माणका प्रसंगले (ढुंगा, ईट्टा, सुर्कि चुनको बज्रको प्रयोग भएको) जस्ता सामग्रीको जोहो र प्रयोगका विषयमा यसले सीमित जानकारी दिन्छ । त्यसो त हालको तानसेन र त्यसको वरिपरि भेटिने शैक्षिक, स्वास्थ्य-उपचार तथा बाटोघाटोका सुविधाहरू कसरी थपिँदै गए र त्यो कसरी सम्भव भयो भन्ने विषय पनि पुस्तकभित्र परेका छन् । त्यसैले नै पुस्तक एउटा शहरको सामाजिक घटनाक्रम बोकेको दस्तावेज पनि हो ।

विद्यालय पद्धतिको प्रारम्भिक अवस्था (पृ. २२–२४), तानसेनबाट दरभंगा तथा बनारसको यात्रा वर्णन, शैक्षिक सम्बन्ध र अवस्था (पृ. २५–३३) आदि प्रसंग पढ्दा तत्कालीन समयमा पढ्ने चाहना राख्दैमा वा सामर्थ्य हुँदैमा पनि त्यो अवसर प्राप्त नहुन सक्थ्यो भन्ने कुराको संकेत गर्छ । टाढाको पैदल यात्रा विवरण, शैक्षिक अवस्था, त्यसका लागि उठाउनुपर्ने कष्टहरूले सो समयको शैक्षिक अवस्था र शिक्षा प्राप्त गर्ने सम्भावना र चुनौतीहरूलाई केही हदसम्म प्रस्ट्याएको छ ।

राणाकालमा भएका दरबार र पुल निर्माण (पृ. ४९–५०), तानसेनमा खानेपानीको व्यवस्थापन र त्यसपछिको "जलसा" उत्सव (पृ. ५०–५२), सांस्कृतिक क्रियाकलापले तानसेनमा भइरहेका फरकफरक गतिविधिको जानकारी दिन्छ तर कुनै पनि विषयमा लेखकले देखेका र सुनेका कुराहरूलाई गहिराइमा र विस्तृत तरिकाले भने लेखेका छैनन् ।

प्रताप शमशेरको समयमा तानसेनभन्दा चार किमी टाढा बाँझा (कुरुङखोला) बाट पाइप बिच्छयाएर तानसेनका लागि पानी ल्याइएको थियो । यसको सबैभन्दा रोचक पक्ष भनेको नै चण्डीभन्ज्याङमा रहेको सुरुङ हो, जुन पानीको पाइप बिच्छयाउनकै लागि मात्र खनिएको थियो । कुनै लिफ्टको प्रयोग नगरी जमिनको सतहअनुसार पानी ल्याउनु पर्ने हुँदा यो पानीको पाइप निकै घुमाउरो तरिकाले तानसेन आइपुगेको छ । यसरी पानी आएपछि तानसेनमा "जलसा" महोत्सव भएको थियो । प्रताप शमशेरको गुणगान गाउँदै नगरवासीले उत्सव मनाएका थिए ।

२६+१५४ पृष्ठको सानो पुस्तकले सिंहको व्यक्तिगत, पारिवारिक जानकारीसहित तानसेन बजार स्थापना, यसको विकास तथा विस्तारमा सेन राज्य हुँदै, शाह तथा राणा शासकहरूको योगदानको चर्चा तथा उनीहरूको गतिविधिका विषयमा पनि केही जानकारी दिन भ्याउँछ । उदाहरणका लागि कमाण्डर इन चिफ रूद्रशमशेर गर्मीको दुई/तीन महिना गर्मी छल्न आफ्नो नियमित दरबारभन्दा २०० मिटर माथिको श्रीनगर डाँडा (१,३०० मिटर) मा गएर बस्थे भने हिउँदमा बुटवल गएर बस्थे (पृ. ६६) ।

पुस्तकको महत्त्वपूर्ण पक्ष भनेको तानसेनमा औषधी-उपचारको सुविधा, युनाइटेड मिसन अस्पतालको निर्माण तथा शिक्षा क्षेत्रको विकास र विस्तारको संक्षिप्त जानकारी तथा त्यसमा सिंहको सहभागिताका विषयमा केही थप कुरा आउनु हो । तथापि कलेजकै सम्बन्धमा भने उनले त्रिभुवन बहुमुखी क्याम्पसको *स्वर्ण महोत्सव स्मारिका*मा लेखेको लेख "त्रिभुवन डिग्री कलेजसँगको मेरो अनुभव" (२०६० : ४३) भन्दा अगाडि जान सकेको छैन ।

आयुर्वेद औषधीको प्रभाव रहेको सो समयमा "एलोप्याथी औषधालय" को अनुमति, स्थानीयको विश्वास, औषधीको कम्पोजिसन (पृ. ९८), भारतका विभिन्न क्षेत्रबाट औषधी ल्याउँदा आइपर्ने समस्या (पृ. ९९–१०१), बाटोघाटोको अवस्था र प्रयोगबारे नयाँ पुस्तालाई अचम्म बनाउने तर चाख लाग्दा विषय र प्रसंगले पुस्तकलाई रुचिकर बनाएको छ । खास गरी तयारी औषधी नपाउने अवस्थामा रोगको प्रकृति अनुसार झोल औषधीहरूको मिश्रण बनाउने, चक्की औषधीहरू पिस्ने र पाउडर बनाएर मात्रा छुट्ट्याई पुरिया बनाएर दिने प्रसंग रोचक र चाखलाग्दा छन् (पृ. ९८) ।

तानसेनमा २००४ सालमा स्थापित पद्म पब्लिक हाईस्कूल, २०११ सालमा स्थापित त्रिभुवन इन्टर कलेज, सन् १९५३ मा नेपाल सरकार र मिसनबीच भएको सम्झौता (पृ. १२२) तथा सन् १९५४ मा औषधालयका रूपमा युनाइटेड मिसनको स्थापना (पृ. १२३), तानसेनको बाटो हुँदै मुक्तिनाथ दर्शन गर्न जाने तिर्थालुबारे, अरूलाई सिधा सदाबर्त दिने प्रसंग, बिजुली-बत्तीको प्रयोगको प्रसंग (पृ. ५४), नाटक र सांस्कृतिक कार्यक्रमका प्रसंगहरूको जानकारीले पुस्तकलाई व्यक्तिगत संस्मरणका रूपमा भन्दा पनि तानसेनको

"सामाजिक घटनाक्रमहरू" का विविध पाटाहरूका लागि आवश्यक स्रोत सामग्रीका रूपमा उपयोगी बनाएको छ ।

तथापि पुस्तकमा लेखकबाट जति जानकारी आउनुपर्ने हो, आएको छैन । लेखक सिंहका सुपुत्र रामचन्द्रमान सिंह यस पुस्तकका सम्पादक/संकलक हुन् । उनले परिश्रमका साथ संकलन गरेका सामग्री राखे पनि पुस्तकका मूल पात्रका कुरा भने कम परेकोजस्तो देखिन्छ । अर्कोतर्फ संकलन र सम्पादनको क्रममा पनि धेरैले धेरै पटक लेखिसकेका र भनिसकेका विषयवस्तु पनि पुस्तकमा दोहोरिएका छन् । युनाइटेड मिसन अस्पतालको स्थापनाका विषयमा पनि अन्यत्र उल्लेख भएका (स्वालहाइम सन् २०१५) भन्दा नयाँ र विस्तृत जानकारी आएको छैन ।

उनको पुस्तकको शीर्षक "मेरो जीवनयात्राको संस्मरण" भन्दा पनि कतै आफू संलग्न भएको प्रसंगलाई बढी ध्यानमा राखेर जीवनी तथा कतै आफू नजन्मदैका घटनाक्रमहरू जस्तै कि सेन वंश, शाह वंश र राणाकालका घटनाहरू राखेर "ऐतिहासिक" बनाउन खोजिएको छ । किताबलाई बढी प्रामाणिक र प्राज्ञिक बनाउन खोज्दा अन्य पुस्तकहरूमा आइसकेका प्रसंगले पुनः ठाउँ पाएको छ । तानसेनमा फोटोग्राफीको विकास-विस्तारको कुरा गर्दा गंगा बैजुले २०१५ सालतिर गरेको काम सम्झिए पनि उनीभन्दा अगाडि (वि.सं. १९९४) तिरका जनकप्रसाद श्रेष्ठ (अर्याल २०६६) लाई बिर्सिएका छन् (पृ. ८६) ।

सिंहको जीवनीबाहेक उनले देखेका र भोगेका शिक्षा, स्वास्थ्य, बाटोघाटो, खानेपानी, निर्माण र व्यापार-व्यवसाय जस्ता कुराहरूमा उपलब्ध हुन सकेमा औषधीका बिलहरू, औषधालय खोल्न, स्कूल वा कलेज खोल्न आवश्यक स्वीकृति पत्र, सम्झौता पत्र तथा अन्य शिक्षक, कर्मचारी व्यवस्थापन र नियुक्तिका वा अन्य ऐतिहासिक कागजात पनि पुस्तकभित्र समावेश गरेको भए अनुसन्धानकर्ताका लागि यो पुस्तकले थप मद्दत गर्थ्यो । तथापि पुस्तकमा सिंहले करिब १०० वर्षको तानसेनबारे विहंगम चित्र प्रस्तुत गरेका छन् । यसको अर्थ उनी तानसेनको साँघुरो गल्लीमा जति छिर्न सक्थे त्यति छिरेनन् र नयाँ पुस्ताका लागि नयाँ र थप जानकारीहरू दिन सक्थे त्यति दिएनन् भन्ने नै हो ।

पुस्तकले दुई ओटा महत्त्वपूर्ण काम भने गरेको छ । एक, पुस्तक तानसेनमा शुरु भएर त्यहीँ सकिए पनि यसले देशका थुप्रै ठाउँ र क्षेत्रका सामाजिक, आर्थिक, शैक्षिक वा अन्य परिवर्तनलाई कसरी सम्झने, अभिलेखीकरण गर्ने र अविस्मरणीय बनाउने भन्ने विषयमा थप काम गर्न सकिन्छ भन्ने संकेत गरेको छ । दोस्रो, पुराना पुस्ताका अनुभव र भोगाइ प्रत्येक क्षेत्रमा हुने भए पनि त्यसप्रति व्यावसायिक प्रकाशकहरूको चासो कम देखिने भएकोले यस्ता जानकारी, अनुभव र सूचनालाई अभिलेखीकरण गर्दै अध्येता र नयाँ पुस्तालाई हस्तान्तरण गर्न परिवार, गुठी वा स्थानीय संघसंस्था र सरोकारवालाको सक्रियता पनि जरुरी छ भन्नेतर्फ सचेत गराएको छ ।

## सन्दर्भ सामग्री

अर्याल, दीपक । २०६६ । *फोटोग्राफी तथा फोटो पत्रकारिता* । काठमाडौँ : जयदीप प्रकाशन ।

सिंह, कविराज दशरथमान । २०६० । त्रिभुवन डिग्री कलेजसँगको मेरो अनुभव : केही संस्मरण । *स्वर्ण महोत्सव स्मारिका २०६०* । जीवनबहादुर थापा, सुदीप बागची र अन्य, सं., पृ. ४३–४५ । पाल्पा : त्रिभुवन बहुमुखी क्याम्पस ।

Svalheim, Peter. 2015. *Power for Nepal: Odd Hoftun & the History of Hydropower Development*. Kathmandu: Martin Chautari.

**दीपक अर्याल**

काठमाडौँ